परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष ९ ❑ अंक ३५ २०७७ चैत २२ गते आईतवार Sunday 4, APR, 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## जीवन विकास समाजद्धारा तीन विधामा पुरस्कार घोषणा

बिराटनगर । जीवन विकास समाजले ५ करोडको अक्षयकोषको स्थापना गरी त्यसवाट आउने व्याज रकमबाट तीन विधामा पुरस्कार दिने घोषण गरेको छ ।

अमाही बरियाती गाउँ विकास समिति मोरंग हाल धनपाल थान गाउँपालिका वडा नं. २ मा स्थापना भएको जीवन विकास समाजको हाल केन्द्रिय कार्यालय कटहरी गाउँपालिकामा रहेको केन्द्रिय कार्यालयले गरिबी रहित नेपालको लक्ष्य लिई समाजले अक्षयकोष स्थापना गरेको छ ।



देशभरीवाट गुणस्तरीय शिक्षाको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याए बापत गैह्र-सरकारी संस्था, शैक्षिक संस्था र पत्रकारलाई समाजले पुरस्कार प्रदान गर्ने भएको छ ।

दिगो विकासको लागि तय गरिएको विभिन्न लक्ष्य मध्ये चौथो लक्ष्य गुणस्तरीय शिक्षाको क्षेत्रमा उल्लेख्य कार्य गरेवापत समाजले द अरब गल्फ प्रोग्राम फर डेभलप मेन्ट इन्टरनेशनल प्राईज सन् २०१७ मा ३ लाख रुँपैया बराबरको डलर पुरस्कार प्राप्त गर्न सफल भएको थियो ।

पुरस्कार राशीमा सोही बराबर को रकम थप गरि समाजले ५ करोडको अक्षयकोष स्थापना गरेको हो । शुक्रबार मोरङको कटहरीस्थित केन्द्रिय कार्यालयमा पत्रकार सम्मेलन गर्दै समाजले अक्षयकोष बारे जानकारी दिएको थियो ।

कोषबाट दिगो विकासका क्षेत्रमा महत्वपुर्ण योगदान पुऱ्याउने गैह्र-सरकारी संस्था, शैक्षिक संस्था र पत्रकारलाई यसै बर्षदेखि बार्षिक रु.

वांकी अन्तिम पेजमा...

## एकाईस पदको लागि छप्पन्न को उम्मेदवारी दर्ता

विराटनगर । नेपाल पत्रकार महासंघको केन्द्रिय, प्रदेश र जिल्ला शाखाहरुको २५ गते हुने निर्वाचनको लागि नेपाल पत्रकार महासंघको प्रदेश नं. १ को निर्वाचनमा २१ पदका लागि ५६ जनाको उम्मेदवारी परेको छ भने संयुक्त प्यानलबाटै वागी उम्मेदवारी समेत परेको छ ।

प्रदेश नं. १ पत्रकारहरुको निर्वाचन समितिका अनुसार बिहीबार भएको उम्मेदवारी दर्तामा अध्यक्ष पदका लागि ३ जनाको उम्मेदवारी परेको छ । जसमा मोहन काजी, लिलाबल्लभ घिमिरे र सोमनाथ सुसेलीले रहेका छ ।

त्यसैगरी खुल्ला उपाध्यक्ष पदमा तीन जनाको उम्मेदवारी छ । खुल्ला उपाध्यक्षमा अर्जुन जम्मेली, रोहित कुमार राई र लवदेव ढुंगाना उम्मेदवारी दर्ता गराएका छन् । महिला उपाध्यक्षमा कोकिला ढकाल र हिमा कुकारी चेम्जोङले उम्मेदवारी दर्ता गराएका छन् । महासचिवमा फिफराज वेगा लिम्बु, विवेक गौतम, बन्धु पोखरेल र शिशा राई (श्रीप्रसाद) को उम्मेदवारी परेको छ । खुल्लातर्फ सचिबमा कौशल निरौला, देवेन्द्र कार्की र भक्तशेर लिम्बुको उम्मेदवारी परेको छ भने समावेशी सचिबमा सन्तवीर लामा र सन्तोष यादवको उम्मेदवारी परेको छ ।

कोषाध्यक्षमा गणेश साम्पाङ, विमल लामिछाने 'बुद्धि' र सन्तोष रुचाल गरी तीन जनाले उम्मेदवारी दर्ता गराई सकेको छ । ५ जना खुल्ला सदस्य पदको लागि १४

वांकी अन्तिम पेजमा...

## केशलिया नहरको बक्स कल्भर्ट समुद्घाटन

बिराटनगर । बिराटनगर महानगर पालिका वडा नं. ६ र वडा नं. १० मा पर्ने सुनसरी मोरंग सिचाई आयोजनाको नहरमा बनेको बक्स कल्भर्ट एक कार्यक्रमको आयोजना गरी बिराटनगर महानगर पालिकाका मेयर भीम पराजुलीले समुद्घाटन गरेको छ ।

समुद्घाटन कार्यक्रमका प्रमुख अतिथी पराजुलीले नहरमा बनेको पक्की बक्स कल्भर्ट निर्माण कार्य समयमै सम्पन्न भएकोमा खुशी व्यक्त गर्दै ठेक्कादार कम्पनी आशिष निर्माण सेवालाई धन्यवाद दिदै अन्य विकास निर्माणका कार्यहरु समयमै सम्पन्न गर्न आग्रह गरेका थिए ।

उक्त कल्भर्ट निर्माणका लागि ऐशियन डेभलपमेन्ट बैकको ७०.८ प्रतिशत, नेपाल सरकारको २३ प्रतिशत र विराटनगर महानगर पालिकाको ७.२ प्रतिशत लगानी गरेको थियो । सो कल्भर्ट बनाउन कुल खर्च ६२ लाख लागेको छ ।

सो बक्स कल्भर्टको लम्वाई १२.५ चौडाई ५.३० मिटर र उचाई २.८० मिटर रहेको कन्ट्रयाक्टर

वांकी अन्तिम पेजमा...









क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## जीवन..

१० लाख बराबरको "दिगो विकासका लागी जीवन विकास पुरस्कार २०७७" प्रदान गर्ने घोषणा गरेको छ। जसमा पहिलो, दोश्रो र तेश्रो विधा गरि क्रमश: गैह्र सरकारी संस्थालाई ५ लाख, सामुदायिक पुस्तकालय तथा विकास केन्द्रलाई ३ लाख र गुणस्तरीय शिक्षाको प्रर्वद्धनमा योगदान पु¥याउने पत्रकारलाई २ लाखको नगद पुरस्कार प्रदान गरिने घोषणा गरेको थियो।

संस्थाका कार्यकारी निर्देशक योगेन्द्र मण्डलका अनुसार पुरस्कारको व्यवस्थापनका लागी काठमाण्डौं विश्वविद्यालयका पुर्व उपकुलपति प्रा.डा. सुरेशराज शर्माको संयोजकत्वमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव श्रोत विकास केन्द्रका प्रतिनिधि सम्मिलित ७ सदस्यीय निर्देशक समिति गठन गरिएको छ।

समितिले पुरस्कारको आवेदकको हकमा व्यक्तिगत क्षमता तथा संलग्नता, दुरदृष्टि तथा रणनितिक योजना, राष्ट्रिय दायित्व बोध र भौतिक तथा संस्थागत उपलब्धि लगायतका बिषयलाई मुल्याङ्कनको आधार बनाएको नेपाल सरकारका पुर्व सचिव माश्रम मिश्रले बताएका थिए।

## केशलिया...

मेनेजर रविन्द्र कुमार ठाकुरले बताए। सो कार्यक्रमा वडा नं. ११ का वडा अध्यक्ष तिर्थेन्द्र नेउपाने, वडा नं. ६ का वडा अध्यक्ष विजय कामत र वडा नं. १२ को वडा अध्यक्ष हिरालाल कामत लगाय स्थानिय बासीको उलेख्य उपस्थिति रहेको थियो।

## एकाईस...

जनाको उम्मेदवारी परेको छ। खुल्ला सदस्यहरूमा कमल रिमाल, केशर बहादुर चौहान, केशव भट्टराई, गोपाल प्रसाद पोखरेल, टिकाराम उप्रेती, तेजेन्द्र भण्डारी, तोयानाथ भट्टराई, ध्रुव भट्टराई, मिनराज (प्रवास) उप्रेती, युवराज विवश, लिलाराज झापाली, सत्यनारायण शर्मा, सुमन गुरागाँई र सुरेन्द्र भण्डारीले रहेका छन्।

त्यसैगरी तीन जना महिला सदस्य पदको लागि देविका चाम्लिङ राई, विनादेवी तामाङ, विनु तिम्सिना, माला पालुङ, शुभद्रा प्याकुरेल, सुमित्रा कोइराला र सुशीला पाठक सहित

दलित सदस्यमा पिबी दियाली र रणध्वज लोहारले उम्मेदवारी दिएका छन्। आदिवासी जनजाति सदस्यमा उपेन्द्र चाम्लिङ, दिलकुमार लावती, विष्णु सुब्बा र यमन कुमार दनुवारले उम्मेदवारी दर्ता गरएका छन्।

सोही निर्वाचनमा दुई जना मधेशी सदस्य पदमा चन्दनकुमार रौनियार, प्रमोदकुमार यादव, फुलचन्द मेहता, ब्रम्हदेव यादव र सुर्यनारायण यादव सहित ५ जनाले उम्मेदवारी हालेका छन्।

अल्पसंख्यक सदस्यमा तावील अन्सारी, लिलाबहादुर सुनुवार र विजय धिमालले उम्मेदवारी दिएका छन्। महिला उपाध्यक्ष र समावेशी सचिव बाहेक सबै पदमा संयुक्त प्यानलवाटै वागी उम्मेदवारी परेको छ।

उम्मेदवारको प्रकाशित नामावली उपर दावी विरोधको समय चैत २० गते दिउँसो १ बजेसम्मका लागि तोकिएको निर्वाचन समितिले जनाएको छ।

## अधिवेशनमा भाग नलिने घोषणा

बिराटनगर। राष्ट्रिय आदिवासी जनजाति यूवा महासंघले बुटवलमा हुने पाँचौ आदीवासी जनजाति यूवा महासंघ नेपालको महाधिवेशनमा भाग नलिने घोषणा गरेको छ।

राष्ट्रिय आदिवासी जनजाति यूवा महासंघको अध्यक्ष प्रभाग कुमार खवास र उप महासचिव तिलोक सिह पुल्लुङहाङ देवानले प्रेस विज्ञप्ती जारी गर्दै चैत २० र २१ गते बुटवलमा हुन गई रहेको आदिवासी जनजाति यूवा महासंघको महाधिवेशन पार्टीगत, राजनीतिक, गुठगत, स्वतन्त्र नेतृत्व, उच्चस्थ पदाधिकारीहरुको संकिर्न विचार र भेदभाव नीति एवं विधान विपरीत भई रहेको महाधिवेशनमा सहभागी नहुने भएको छ।

आदीवासी जनजाति यूवा महासंघ नेपालको महाधिवेशनको विरोघ र बहिष्कार गर्दै राष्ट्रिय आदिवासी जनजाति यूवा महासंघका पदाधिकारीहरुले कुनै पनि भेला, बैठक लगायतका गतिविधीहरुमा सहभागी नहुन समेत प्रेस विज्ञप्ती मार्फत जानकारी गराएको छ।

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
भन्सार कार्यालय रानी
परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
संजीवनी हस्पिटल प्रा.लि.
परिवार बिराटनगर




## दुई जना पक्राउ

बिराटनगर। झापा र मोरङको छुट्टा छुट्टै स्थानबाट शुक्रबा लागूऔषध सहित २ जनालाई पक्राउ गरिएका छन्।

पक्राउ पर्नेमा झापा दमक नगरपालिका वडा नं. ४ का २३ बर्षीय सुमन धिमाल र सुनसरी ईटहरी उपमहानगर पालिका वडा नं. २ का २५ बर्षीय अमृत मग्राती रहेका छन्।

वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले भद्रपुर नगरपालिका वडा नं. ५ झिम्की चौक स्थितबाट धिमाललाई फेनारगन २० एम्पुल, डाईजेपाम २० एम्पुल र लुपिजेसिक २० एम्पुल सहित पक्राउ गरेको थियो।

उत्पादकमा अनुरोध :

१. आफुले उत्पादन गर्ने बस्तुको उपर्युक्त प्याकिङ गरौं।
२. उत्पादनको प्याकिङमा बस्तुको उत्पादनको नाम, उत्पादन मिति, प्रयोग गर्न सक्ने मिति, प्रयोग भएका प्लनचभमभष्लतक, तौल, अधिकतम खुद्रा मुल्य प्रष्ट देखिने गरी लेवलिङ गरौ।
३. कुनै विक्रेताले आफ्नो उत्पादनको प्रयोग गर्न सकिने म्यादभित्र बिक्री गर्न नसकेका उत्पादनहरु फिर्ता लिई नयाँ उत्पादनले प्रति स्थापन गर्ने पद्धति बसालौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग

अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल दाड तथा नशा रोग, painless प्रसुती सेवा, Emergency सेवा नया एवं अध्याधिक भरपर्दो (ICU/MICU,NICU) तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौं।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्बन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्बन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ X-Ray, ECG,ECHO,USG,HSG,Cystoscopy

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# निर्वाचनलाई मर्यादित बनाऔं

लोकतान्त्रिक विधीमा निर्वाचन हुन अनिवार्य नै हो तर निर्वाचनको नाउँमा हुने अमर्यादि कार्य र फजुल खर्चलाई रोक्ने हामी सवैको दायित्व हो। राष्ट्रिको चौथो अंग भनिएको पत्रकारहरुको साझा संस्था नेपाल पत्रकार महासंघको निर्वाचन प्रत्येक तीन-तीन वर्षमा हुने गरेता पनि कोरोना महामारीका कारण ४ वर्षमा चैत ४ गते हुन लागेको निर्वाचन प्रत्यक्ष प्रणाली अनुसार हुने भएको छ। यस पटकको निर्वाचन संघ, प्रदेश र जिल्ला शाखाहरुको एकै पटक हुन्छ। ती निर्वाचनमा प्रत्येक सदस्यहरु केन्द्रिय कार्यसमिति, प्रदेश समिति र शाखा समितिको सदस्यहरुलाई मतदान गर्ने अधिकार पाएको छ। त्यसको सदुपयोग सम्पुण सदस्यहरुले गर्नु पर्ने हुन्छ। तर पत्रकार महासंघको निर्वाचनमा राजनीतिक दलहरु नै हावि भएको छ। स्वतन्त्र पत्रकारीता भने पनि नेपालको पत्रकारीता पार्टी निकटको भातृ संगठन नै बनेको छ। नेपाली कांग्रेस निकटको प्रेस युनियन, एमाले पार्टीको प्रेस चौतारी र माओवादी निकटका प्रेस संगठन र राष्ट्रिय जनता पार्टी निकट प्रेस मंच नेपाल लगायतको संगठन संग आवद्ध भएका छन्।

राजनीतिक दल निकटको प्रकारीताले पत्रकार संगठन भित्र पत्रकार भन्दा पनि राजनीति बढी नै देखिएको छ। राजनीतिक पार्टी प्रवेश गरेको निर्वाचनमा भोट किन्ने, खानपीन गराउन, अवसरको लोभ दिने, लगायतका कारणले पत्रकारहरुका निर्वाचण पनि खर्चिलो, महंगो र अमर्यादित बन्दै गएको छ। जिल्ला शाखाको निर्वाचनमा दश देखि पन्द्र लाख सम्मको खर्च गरी निर्वाचन जसरी पनि जित्नुपर्ने भन्दै भोटरहरुलाई प्रभावित पार्ने गरेका छन्। त्यसलाई बढाव दिएको छ पत्रकार महासंघ भित्र रहेको गरै पत्रकारहरु जुन कि पत्रकारीता गर्दै तर उ पत्रकार महासंघको निर्वाचनको लागि भोट बैक वनेको छ। सो भोट बैकको कारणले पत्रकार महासंघलाई शुद्धिकरण गर्न हम्मे हम्मे परेको छ। पत्रकार महासंघलाई शुद्धिकरणका लागि गैरपत्रकारहरुलाई हटाउँदैन तब सम्म पत्रकार महासंघको निर्वाचन खर्चिलो र अमार्यादित बन्दै जाने छ।

राजनीति दलहरुले प्रत्यक्ष निर्वाचनबाट प्रधान मन्त्री चुन्ने कुरा उठाएपनि गर्न सकेका छैन तर नेपाल पत्रकार महासंघले प्रत्यक्ष निर्वाचनको शुरुवात गरी सकेको छ। तर पत्रकारहरुको निर्वाचनमा राजनीतिक दलहरु जस्तै खर्च गर्ने प्रथाले पत्रकारहरु गलत वाटोमा लागेको प्रष्ट छ। पत्रकारहरुको निर्वाचनलाई खर्च विहीन वनाउँन सवै लाग्नु पर्छ। त्यसको लागि पत्रकार महासंघ भित्र रहेको भोटवाला पत्रकारहरुलाई सम्मान पूर्वक विदाई गरी महासंघलाई साचै पत्रकारहरुको संगठन वनाउ त्यसता पत्रकारहरुको सदस्यहरुलाई विदाई कार्यक्रम गरी पत्रकारहरुको निर्वाचनलाई खर्चविहीन र मर्यादित बनाउन आवश्यक छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# 'आत्मघाती गोल' उन्मुख राजनीति'

प्रकाश पोखेल

झण्डै दुई तिहाइ सांसद सदस्यको बलमा प्रधानमन्त्री बनेका केपी ओलीले संसदमाथि प्रहार गर्न खोज्दा उनलाई नै सघाएकी राष्ट्रपतिले सर्वदलीय बैठकमार्फत ओलीको कदमको बचाउ गर्दै उनकै गुणगान गर्न खोज्नु विधि, विधान र संविधानप्रतिको उपहास हो।

सर्वोच्च अदालतको संसद पुनर्स्थापनाको फैसलाले मुलुकको राजनीति लयमा फर्कने आशा गरिएको थियो तर माग दाबी नै नगरिएको विषयमा प्रवेश गरी एकीकृत नेकपालाई पूर्ववत् अवस्थामा फर्किन आदेश दिनु अर्थपूर्ण रहेको विश्लेषण हुँदै आएको थियो; जसको पुष्टि एमाले र माओवादी केन्द्रमा फैलिएको वितण्डाले गर्छ।

यद्यपि अहिलेको परिस्थितिमा ओलीको मात्र चाहनाले चुनावी परिणाममा कुनै प्रभाव पर्न सक्दैन भन्ने विश्लेषण पनि गर्ने गरिएको पाइन्छ। २०३६ सालमा भएको बहुदल र निर्दलको चुनावमा निर्दललाई कसरी जिताइएको थियो भन्ने इतिहास साक्षी छ।

पूर्व एमाले र माओवादीबीचको पार्टी एकीकरणसँगै जन्माइएको नाम 'नेकपा' शक्तिको आडमा जन्मदर्ता भइसकेको एउटा निरीह सन्तानलाई सम्पत्ति हडप्ने नियतमा बाउ जीवित हुँदाहुँदै उक्त सन्तानलाई बेवारिसे बनाएर अर्को सन्तान खडा गर्ने निर्वाचन आयोगको दुर्नियत सर्वोच्च अदालतले नङ्ग्याइदियो।

'जसो जसो बाहुन बाजे उसै उसै स्वाहा' भने जसरी नक्कली न्वारान गरिदिने निर्वाचन आयोगको विश्वसनीयता माथि प्रश्न खडा भएको अवस्था छ। नेकपाको नेतृत्वमा केपी ओलीको सत्तारोहण भएसँगै अस्थिरताका तानाबाना बुन्ने काम स्वयं ओलीले शुरू गरेका थिए भन्ने पछिल्ला घटनाक्रमहरूले पुष्टि गरेका छन्।

हुन त उनी बबुरो पात्र न हुन्। रिमोट त अन्यत्र नै होला। आफ्नो भजन नगाउने मिडियाहरूलाई तह लगाउनु उनको प्रमुख उद्देश्य रह्यो। राज्यको चौथो अंग मानिएको मिडिया नै आफ्नो दूषित लक्ष्य प्राप्तिमा बाधक बन्न सक्ने कुरामा उनी जानकार थिए त्यसैले आफ्नो स्तुतिगान नगाउने पत्रकारहरू र उनकै शब्दमा आफ्ना प्रशंसक सबै साइबर सेना र विरोधी सबै साइबर स्यालहरूलाई आफ्नो नियन्त्रणमा राख्ने गरी संचार विधेयक ल्याउने कोशिश भयो जुन सर्वत्र विरोध भएपछि सम्भव भएन।

संविधानतः सार्वभौमसत्ताको स्रोत नेपाली नागरिकलाई मानिए पनि स्वयं प्रधानमन्त्री र दलका शीर्ष नेताका क्रियाकलापले नागरिकलाई नियन्त्रणमा राख्ने प्रयास भइरहेको संकेत गर्छ। सर्वसत्तावादी नेतृत्वले आफ्नो व्यक्तिगत उन्नति र आफूहरूले गरेको गलत शैलीको प्रशंसालाई मात्र लोकतन्त्र ठान्छ।

निरंकुशतालाई बल पुग्ने गरी मानवअधिकार, गुठीलगायत विधेयकको ताना बुन्न कोरोना महामारीले पनि सहयोग पुऱ्यायो। निरंकुश शैलीमा सत्ता संचालन गरिरहँदा समेत बेखबर जस्तै आफ्नै दलका नेता र बहुदलीय प्रजातन्त्र प्राप्तिपश्चात् यति उदार कांग्रेस जस्तो प्रतिपक्षी दल शायद कुनै सरकारको पालामा देखिएन।

ओलीमा अन्तर्निहित मनोविज्ञान बुझ्न सक्ने कुनै राजनीतिक खेलाडी मैदानमा नदेखिएकै कारण उनले एकछत्र गोल हान्दै गए। आत्मघाती गोल गर्दै ओलीको बचाउ गर्दै गर्दा उनले संसद माथि नै बुट प्रहार गरेपछि बल्ल प्रचण्ड-माधव र विपक्षी दलहरू झस्किएका हुन्। यथार्थता जगजाहेर छ।

ओलीको प्रलोभनमा प्रचण्ड-माधवहरू तथा विपक्षी दलका नेता नलोभिएका भए शायद मुलुकले यस्तो राजनीतिक दुरवस्था भोग्नुपर्ने थिएन। ओलीले निरंकुश शैलीमा गरेका हरेक निर्णय नजिरको रूपमा स्थापित हुने र आफू प्रधानमन्त्री भएपछि मुलुकको शासन व्यवस्थालाई जनवादी गणतन्त्रउन्मुख बनाउन उनले कोरेको बाटो आफूलाई सहज हुने प्रचण्डको आत्मज्ञान र महत्वाकांक्षा यतिबेला छताछुल्ल भएको छ।

उनको योजना ओलीले बीचैमा तुहाइदिए पछि बल्ल प्रचण्ड ब्युँझन पुगे। ओलीको स्वेच्छाचारी कदम विरुद्ध समयमै खबरदारी गर्न नसक्दा बहुदलीय लोकतान्त्रिक शासन प्रणाली माथि नै प्रहार गर्ने गरी राजनीतिक कोर्स अगाडि बढिसकेको देखिन्छ।

यतिबेला भारत, चीन, अमेरिकालगायत कैयौं युरोपियन राष्ट्रको नेपालप्रतिको चासो बढिरहेको छ। नेपालको शासन व्यवस्थामाथि विशेष चासो बढाउनु उनीहरूका आ-आफ्नै स्वार्थ हुनसक्छन्। नेकपाको करीब दुई तिहाइ सन्निकट संसद सदस्य संख्या रहेको सरकारका पालामा विभिन्न देशका उच्च अधिकारीहरूको भ्रमण र राजदूतहरूका राजनीतिक भेटघाटहरू बाक्लिनुलाई अर्थपूर्ण रूपमा हेरिएको थियो।

अहिले त्यसको प्रत्यक्ष प्रभाव प्रधानमन्त्री केपी ओलीको असंवैधानिक कदमले प्रतिबिम्बित भएको छ। नेपालको अस्थिर राजनीतिको छिद्रभित्र आफ्नो स्वार्थसिद्ध गर्ने छिमेकीहरूको वक्रदृष्टि रहेकै कारण नेपालमा कुनै पनि लोकतान्त्रिक सरकार स्थिर हुन सकेनन्। नेपालको राजनीतिक परिवर्तनमा शक्तिराष्ट्रहरूको हस्तक्षेपकारी भूमिका इतिहासदेखि नै कायम देखिन्छ।

तत्कालीन राजा महेन्द्रले २०१७ सालमा नेपाली कांग्रेसको दुई तिहाइ बहुमतको सरकारलाई बर्खास्त गरेसँगै मुलुक अस्थिरताबाट गुज्रिएको थियो। राजाले आफ्नो अभीष्ट पूरा गर्नकै लागि प्रजातन्त्रलाई निशाना बनाए। राजा महेन्द्रले प्रजातन्त्रको हरण गरेपछि मुलुकमा ३० वर्षसम्म निर्दलीय हुकुमी शासन कायम रह्यो।

२०४६ सालको ऐतिहासिक संयुक्त जनआन्दोलनको बलमा प्रजातन्त्रको पुनर्स्थापना भएपश्चात् नेपाली कांग्रेसको बहुमत सरकार पार्टीभित्रको आन्तरिक किचलोकै कारण तीन वर्षमै विघटित हुनपुग्यो। तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०५१ सालमा मुलुकलाई मध्यावधि निर्वाचनमा धकेलेसँगै मुलुक थप अस्थिरतामा फसेको जगजाहेर नै छ।

तत्पश्चात् सरकार बनाउने र गिराउने खेलमा राजनीतिक दलहरू अभ्यस्त रहे। लोकतन्त्रकै मियो ठानिएको नेपाली कांग्रेस विभाजित भयो। माओवादीका हिंसात्मक गतिविधिले मुलुक थलिंदै गयो। प्रजातन्त्रप्रति उदार देखिएका राजा वीरेन्द्रको वंशनाश हुने गरी २०५८ सालमा रहस्यमय दरबार हत्याकाण्ड भयो।

मुलुकमा भ्रष्टाचार र बेथिति मौलाउँदै गएको र सुशासन कायम गर्न तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवा अक्षम भएको भन्दै पूर्व राजा ज्ञानेन्द्रले आफ्नै बुवा राजा महेन्द्रको सिको गरेर २०५९ सालमा पुनः प्रजातन्त्रको हरण गरेका थिए।

प्रजातान्त्रिक बहुदलीय व्यवस्थालाई पुनःस्थापन गर्न गिरिजाप्रसाद कोइरालाको नेतृत्व र कम्युनिष्ट घटकहरूको बलमा उत्कर्षमा पुगेको २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनपश्चात् मुलुक संविधानसभाबाट संविधान जारी गरी संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको एक दशक नपुग्दै फेरि प्रजातन्त्र निशानामा परेको छ। विभिन्न ढङ्गले प्रजातन्त्रमाथि चौतर्फी प्रहार शुरू भएको छ।

संविधान कार्यान्वयनकै प्रक्रियामा रहेको बेला ओली सरकारले अध्यादेशको आडमा शासन चलाउन थालेदेखि नै लोकतन्त्र हरण हुनसक्ने आशंका पैदा भएका थिए। आम बुद्धिजीवी तथा लेखकहरूले वर्तमान परिस्थितिको पूर्वानुमान पहिला लगाएको भए तापनि सत्तासीन र प्रतिपक्षी दलका शीर्षस्थ नेताहरू व्यक्तिगत अभीष्ट पूर्तिका लागि पदको भागबण्डामा लोभिंदै ओलीको स्वेच्छाचारी निरंकुश कदमप्रति मौन रहेकै कारण आजको परिस्थिति पैदा भएको हो।

संसद पुनर्स्थापनापश्चात् मुलुकले नयाँ गति लिने आम जनविश्वास रहेको थियो। संवैधानिक सर्वोच्चताको वकालत गरिरहेका दलहरू नै अहिले अनिर्णयको बन्दी बनिरहँदा जनविश्वासमा ठेस पुगेको छ। नेकपाभित्रको विग्रह र सरकारको संवेदनहीन कार्यशैलीको निशानामा लोकतन्त्र परेको छ।

कम्युनिष्ट सिद्धान्तबाट विचलित भइसकेको नेकपाका थरीथरी पुच्छर जोडिएका शीर्ष नेताका असन्तुलित अभिव्यक्ति र आन्तरिक टकरावकै कारण अन्धकार सुरुङमा फस्न लागेको मुलुकलाई जोगाउने जिम्मेवारी लोकतान्त्रिक शक्तिको काँधमा आइलागेको छ।

जनताको उत्साहजनक सहभागिताबाट नै नेपालमा विभिन्न राजनीतिक परिवर्तनहरू भएका हुन्। प्रजातन्त्रको प्राप्ति कसरी भएको थियो र प्रजातन्त्रकै आवरणमा लोकतन्त्रको हरण कसरी हुँदैछ भन्ने तथ्यलाई यतिबेला गम्भीर रूपमा मनन गर्न जरूरी छ।

किन बढ्यो वितृष्णा ?

शासन सत्तामा होस् वा राजनीतिक दलभित्र पनि सक्नेको पहुँच छ, नसक्ने अधिकारबाट वञ्चित छन्। राजनीतिमा विकृति व्याप्त छ। आफ्ना मान्छेलाई पोस्ने प्रवृत्ति, परिवारवाद र नातावाद छ।

वांकी ३ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुयश प्याकुरेल (अध्यक्ष)
उद्योग संगठन मोरंग परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
देवकिशन मुन्दडा
देवेनरा परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मणिराज भट्टराई (प्रिन्सिपल)
बुढानिल कण्ठ स्कुल परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
धर्मानन्द खरेल (प्राचार्य)
सत्यनारायण उच्च मा.वि. परिवार

## लागुऔषध सहित पक्राउ

झापा । भद्रपुर नगरपालिका वडा नं. १० भृकुटी चौक स्थितबाट लागूऔषध ब्राउन सुगर कारोबार गर्ने २ जनालाई पक्राउ गरेको छ ।

आईतबार जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले किनबेच गर्न लागेको अबस्थामा १६ ग्राम ९३० मिली ग्राम लागूऔषध ब्राउन सुगर सहित सोही स्थान बस्ने ३९ बर्षीय माईक मर्डि र कचनकवल ६ बस्ने २१ बर्षीय रोशन मगरलाई पक्राउ गरि थियो ।

ती दुवै जना उपर थपअनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## मोटर साईकल दुर्घटनामा मृत्यु

सुनसरी । दुहबी नगरपालिका वडा नं. १० स्थित नहरचौकमा भएको मोटरसाईकल दुर्घटनामा परी गढि गाउँ पालिका वडा नं. २ सखुवारे कलरुवा बस्ने ३२ बर्षीय संजय चौधरीको मृत्यु भएको छ ।

सोमवार को ९ प ७००० नम्बरको मोटरसाईकल र विपरित दिशाबाट आउदै गरेको को ४ प ६११२ नम्बरको मोटरसाईकल एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा को ४ प ६११२ नम्बरको मोटरसाईकल चालक रहेका चौधरी गम्भिर घाईते भएको थियो ।

घाईतेको बिराट टिचिङ अस्पताल पुर्याउन साथ मृत्यु भएको थियो भने अर्का मोटरसाईकल चालक मोरङ झोराहाट नयाबजार बस्ने १८ बर्षीय निकेश बजारु समेत घाईते भई जीवन ज्योति अस्पताल दुहबीमा उपचार भईरहेको ईलाका प्रहरी कार्यालय दुहबी सुनसरीले जनाएको थियो ।

## करेन्ट लागेर एकको मृत्यु

सुनसरी । बर्जु गाउँपालिका वडा नं. ६ बस्ने ११ बर्षीया अञ्जली मेहताको करेन्ट लागी मृत्यु भएको छ ।

सोमवार छिमेकीको घरमा पानी भर्ने क्रममा पानी तान्ने मोटरमा बिद्युत सर्ट भई करेन्ट लागी अञ्जलीको घटना स्थलमानै मृत्यु भएको थियो ।

सो कुराको ईलाका प्रहरी कार्यालय दुहबी सुनसरीले जनाएको थियो ।

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हच्चुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नविन रिजाल (प्रवन्धक)
रिजाल ग्रुप परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अमित राठी
उद्योगी / व्यवसायी

## 'आत्मघाती गोल'.....

समुदाय र जातिगत रूपमा अवसर प्रदान गर्ने प्रवृत्ति देखिन्छ । यो राम्रो अभ्यास होइन ।

हाम्रा पुर्खाले यस्तो नेपालको परिकल्पना गरेका थिएनन् । यस्तो शासन व्यवस्थाको सपना पक्कै देखेका थिएनन् । जनताका छोराछोरीको समान पहुँच, सुशासनसहितको सामाजिक विकास र समतामूलक समाजको निर्माण गर्ने सपना बोकेका थिए तर आज जनताकै शासनकालमा पनि जनता पीडित हुनपुगे । लोकतन्त्रको नाममा छाडातन्त्र मौलाउन थाल्यो । नैतिकता हराउँदै गयो । त्यो राम्रो भएन ।

शासनसत्तामा बस्ने, राजनीतिक दलका शीर्ष नेताले यस विषयमा ध्यान पुऱ्याएनन् । हिजोको भन्दा आजको शासनबाट परिवर्तनको अनुभूति जनताले चाहेका थिए तर त्यो देखिएन । त्यसैले व्यवस्थाप्रति नै जनताको विश्वास घट्दै गएको हो ।

अहिले बहुदलीय व्यवस्था छ । दलैपिच्छे विचार फरक छन् । तथापि, देश र जनताको हितका निम्ति सबैको समान धारणा बन्न सक्नुपर्थ्यो । लोकतन्त्र प्राप्तिका लागि सबै दलले आफ्नो ठाउँबाट योगदान दिए । देश र जनताको पक्षमा सबैले काम गर्ने अठोट पनि गरेका छन् । तर, कुरा एकातिर व्यवहार अर्कोतिर गरेर नागरिकलाई झुक्याउने कोशिश अझै जारी देखिन्छ । नागरिकले अब सचेत हुनुपर्छ ।

'समानता सबैमा लागू हुनुपर्छ । राज्यको अङ्गमा सबैको समान अधिकार हुनुपर्छ । कोहीले सुखभोग गर्ने, कोही जनता हेरेर बस्ने वातावरण बन्न दिनुहुन्न । कानूनी राज्यको प्रत्याभूति जनताले महसूस गर्नुपर्छ' भन्ने आदर्शका मीठा शब्द लोकतन्त्र प्राप्तिपश्चात् सुनिंदै आएको हो तर यसको ठीक विपरीतका कार्य नै सबै दल र सरकारका प्राथमिकताका विषय बनिरहेका छन् । के हुनुपर्थ्यो ? के भैरहेको छ ?

लोकतन्त्रमा सरकारका क्रियाकलाप भन्दा नागरिकको स्वतन्त्रताले महत्वपूर्ण अर्थ राख्छ । मानवअधिकारको सम्मान, विधिको शासन, स्वतन्त्र न्यायपालिका, वैयक्तिक तथा अभिव्यक्ति स्वतन्त्रता लोकतान्त्रिक व्यवस्थाका सूचक हुन् ।

लोकतान्त्रिक आवरणमा जतिसुकै नागरिक हितमा कुरा गरे पनि प्रधानमन्त्री केपी शर्मा ओलीको शैली, स्वभाव र अधिकांश अभिव्यक्तिले सर्वसत्तावादको संकेत शुरूदेखि नै देखिंदै आएको थियो जुन स्वयंले संविधानलाई कुल्चिएर प्रमाणित गरिदिए ।

संविधानतः सार्वभौमसत्ताको स्रोत नेपाली नागरिकलाई मानिए पनि स्वयं प्रधानमन्त्री र दलका शीर्ष नेताका क्रियाकलापले नागरिकलाई नियन्त्रणमा राख्ने प्रयास भइरहेको संकेत गर्छ ।

सर्वसत्तावादी नेतृत्वले आफ्नो व्यक्तिगत उन्नति र आफूहरूले गरेको गलत शैलीको प्रशंसालाई मात्र लोकतन्त्र ठान्छ । आफूलाई लोकतन्त्रको पहरेदार ठान्ने नेपाली कांग्रेसको नेतृत्व पनि यसबाट अछुतो छैन ।

बहुदलीय लोकतान्त्रिक व्यवस्था नै संकटावस्थामा पुगेको बेला नेपाली कांग्रेसको नेतृत्व बीचमा विचार खण्डित हुनु मुलुकको लागि दुर्भाग्य हुन सक्छ ।

निष्ठा र आदर्श पन्छाएर व्यक्तिगत व्यापार मात्र चम्काउने लोकतन्त्रको सान्दर्भिकता समाप्त हुनुपर्छ । गुटबन्दी र अधिनायकवादी प्रवृत्तिले बहुदलीय व्यवस्थालाई कमजोर बनाउँछ ।

आफैंले लडेर प्राप्त गरेको लोकतन्त्र आफ्नै क्रियाकलापबाट असुरक्षित हुन्छ भने यसको पहरेदारी कसले गर्ने ? दलीय नेतृत्वको अगाडि तेर्सिएको गम्भीर प्रश्न हो, यो ।

यतिबेलाको प्रमुख चुनौती लोकतन्त्र रक्षा गर्नु हो । लोकतन्त्रको संस्थागत विकास र स्थायित्वका लागि सम्पूर्ण लोकतान्त्रिक शक्तिहरूले पहरेदारी गर्नुपर्ने बेला आएको छ ।

यो सरकार गठनसँगै लोकतान्त्रिक व्यवस्थामाथि नै प्रहार हुनसक्ने जुन अड्कलबाजी हुँदै आएका थिए त्यसलाई सही सिद्ध तुल्याउने काम प्रधानमन्त्री ओलीले गरेका छन् ।

लोकतान्त्रिक आवरणमा ओलीले चालेको असंवैधानिक कदमको विरुद्धमा सर्वोच्च अदालतबाट भएको फैसलाले संविधानको रक्षा त गऱ्यो तर फागुन २३ गतेदेखि चालु संसद (यो आलेख तयार गर्दासम्म) ले मुलुकलाई निकास दिन नसक्नु दुर्भाग्य नै हो ।

मुलुकलाई निकास दिनसक्ने प्रष्ट योजना अहिलेसम्म कुनै दलभित्र देखिंदैन । संविधानलाई कुल्चेर मुलुक हाँक्न खोज्ने प्रधानमन्त्री केपी ओली र उनका असंवैधानिक कदमलाई साथ दिने राष्ट्रपति विद्यादेवी भण्डारीलाई उचित कारबाही गर्ने गरी कम्तीमा दुई तिहाइ सांसद सदस्यको एकता हुनुपर्थ्यो तर एकीकृत दुई पार्टीलाई पूर्ववत् अवस्थामा फर्कन सर्वोच्चले आदेश दिएपछि त्यो सम्भव देखिएन । लोकतान्त्रिक शक्तिहरूले समयमै उपयुक्त निर्णय लिन नसके फेरि पनि लोकतन्त्रमाथि प्रहार हुनसक्ने खतरा कायम रहिरहनेछ ।

लोकतान्त्रिक व्यवस्थामा महत्वपूर्ण मानिने राज्यका संवैधानिक अंगलाई पार्टीको प्रभावमा पार्ने र विस्तारै तिनलाई पार्टीकरण गर्ने काम गर्दै आएको ओली नेतृत्वको सरकारले संसद विघटन गरेर संवैधानिक परिषदको दुरुपयोग गर्दै विभिन्न आयोगमा गरेका नियुक्ति बदर हुनुपर्ने थियो ।

त्यो देखिएन बरु पछिल्लो समय अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आफू अनुकूल प्रयोग गर्ने प्रयत्नमा सरकार लागेको देखिन्छ । सत्ता टिकाउने उद्देश्य अनुरूप अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अस्त्रको रूपमा प्रयोग गर्ने रणनीति अनुसार कार्य गर्न थालेको छ ।

ओलीले आफ्नो गुट बलियो बनाउँदै सत्तामा टिकिरहनकै लागि आफ्नो विरुद्ध लाग्ने विपक्षी दलका नेता र आफूइतर नेकपाका नेताहरूलाई तर्साउने बलियो अस्त्रका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रयोग गर्ने संकेत गरेका छन् ।

न्यायालय र संवैधानिक आयोगहरूमा दलीयकरण होस् वा प्रहरी प्रशासनमा हस्तक्षेपकारी भूमिका वा निजामती कर्मचारीको पार्टीकरण यी सबै कुराले लोकतन्त्रलाई कमजोर बनाउँछ भन्नेप्रति दलीय नेतृत्वमा कहिल्यै पनि संवेदनशीलता देखिएन ।

मुलुकलाई अधिनायकवादको बाटोमा लैजाने प्रयत्नमा ओली लागिरहेको पत्तो नपाउने नेताहरू पदीय भागबण्डा र व्यक्तिगत स्वार्थमा केन्द्रित हुँदा मुलुक फेरि अस्थिरतातर्फ धकेलिएको हो ।

ओली सरकारको असंवैधानिक कदमको प्रतिरोध गर्दै मुलुकलाई लोकतान्त्रिक मार्गमा ल्याउन सिङ्गो मुलुक आन्दोलित भए जसरी लोकतन्त्रको रक्षाका लागि संवैधानिक सर्वोच्चताको पक्षमा लागेका नेपाली कांग्रेस, प्रचण्ड-माधव समूह, जनता समाजवादी पार्टीबीच अहिले निःशर्त एकताको आवश्यकता छ । तथापि नेकपा एमाले विभाजित नभएको अवस्थामा माधव नेपाल समूहलाई कानूनी अड्चन कायमै छ ।

संविधानसभाबाट निर्मित नेपालको संविधान २०७२ को मूल मर्मलाई सबै पक्षले आत्मसात् गर्न नसकेकै कारण नियोजित तवरले लोकतन्त्र माथि प्रहार हुन थालेको हो ।

संविधान र लोकतन्त्र रक्षाका लागि लड्नुपर्ने बेलामा कांग्रेस अझै अलमलको अवस्थामा देखिन्छ । लोकतान्त्रिक व्यवस्था नै संकटमा पर्न

वांकी ४ पेजमा...

हार्दिक मंगलमय

शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भगवान झा
नेशनल इन्सिटच्युट अफ टेकनोलोजी परिवार

हार्दिक मंगलमय

शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हसन अन्सारी (प्रबन्धक)
एशियन लेदर प्रा.लि.

हार्दिक मंगलमय

शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवल किशोर काबरा
उद्योगी / व्यवसायी

हार्दिक मंगलमय

शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुबोध कुमार सिंह (सभापति)
रेडक्रस सोसाईटी मोरंग

## 'आत्मघाती गोल'.....

थालेको बेला दलहरूभित्र मत खण्डित हुनुहुँदैन ।

संविधानमा सामाजिक र आर्थिक अधिकारसमेत प्रष्टसँग उल्लेख गरिएका छन् । जनभावनाको कदर गर्ने आधार प्रशस्त छन् । यसलाई इमानदारी पूर्वक लागू गर्दा सामाजिक र आर्थिक अवस्थामा आमूल परिवर्तन सम्भव थियो ।

तर सरकारले विभिन्न ऐन, नियम बनाएर संविधानलाई नै खण्डित गर्ने काम गर्दै आएको थियो । लोकतान्त्रिक आवरणमा संविधानको मर्म विपरीतका सरकारी गतिविधिलाई समयमै निस्तेज गर्न नसक्दा प्रधानमन्त्रीबाट नै संविधान कुल्चने काम भएको हो ।

सर्वोच्च अदालतको २०७७ फागुन ११ को संसद पुनर्स्थापनाको फैसला अनुसार प्रधानमन्त्री केपी ओलीले नैतिकताको आधारमा राजीनामा दिनुपर्थ्यो । तर ओलीले राजीनामा दिएनन् बरु थप निरंकुश शैलीमा अगाडि बढिरहेका छन् ।

ओलीले संसदीय लोकतन्त्रको मर्यादा परिपालन गर्दै प्रधानमन्त्रीबाट राजीनामा नदिएर लोकतान्त्रिक शासन व्यवस्थाकै उपहास गरिरहँदा कांग्रेस तटस्थ रहने समय यो होइन ।

संविधान मिचेर ओलीले प्रतिनिधिसभा विघटन गराएको भन्ने त अदालतले पनि ठहर गरिसकेको छ । यसैले ओलीलाई संसदले संविधान मिचेकोमा सजाय त दिनुपर्छ ।

मधेशवादी दलहरूलगायतको एकीकृत समूहले आफ्नो असली पहिचान प्रदर्शन गर्न यो उपयुक्त समय हुनसक्छ । आपराधिक घटनामा संलग्नहरूको वकालत गर्दै पार्टीलाई अनिर्णयको बन्दी बनाउने समय यो होइन । इतिहासबाट पाठ सिक्दै संसदलाई अनिर्णयको बन्दी नबनाइयोस् । लोकतन्त्र रहे न दलहरू रहने हुन् ।

अब के गर्ने ?

नेपालको संविधान २०७२ को धारा २७४ मा संविधान संशोधन सम्बन्धी व्यवस्था उल्लिखित छ । उपधारा (१) मा नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन भनिएको छ तर उपधारा (२) मा भने उपधारा (१) र यस संविधानको अन्य धाराको अधीनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संघीय संसदको कुनै पनि सदनमा पेश गर्न सकिनेछ ।

तर उपधारा (१) लाई संशोधन गरिने छैन भन्ने उल्लिखित छ । संविधानको यही छिद्रभित्र प्रवेश गरेर लोकतन्त्रलाई नै कमजोर बनाउने गरी संविधान संशोधन गर्न सकिने व्यवस्था अझै कायम छ । संसदको दुई तिहाइ बहुमतका आधारमा दूरगामी असर पर्न सक्ने कतिपय प्रावधानहरूको संशोधन गर्न सकिने नेपालको संवैधानिक व्यवस्थाकै कारण दुई तिहाइ शक्तिको चर्चा बढेको हो ।

नेपालको संविधान २०७२ को धारा २७५ मा जनमत संग्रह सम्बन्धी व्यवस्था गरिएको छ । राष्ट्रिय महत्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णय गर्न आवश्यक छ भनी संघीय संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ सदस्यको बहुमतबाट निर्णय भएमा त्यस्तो विषयमा जनमत संग्रहबाट निर्णय लिन सकिनेछ ।

जनमत संग्रह र तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ भन्ने उल्लेख छ ।

हिन्दू राज्य स्थापना, मधेशवादी दलहरूले उठाउँदै आएको नागरिकता सम्बन्धी समस्याहरूको समाधान, छिमेकी राष्ट्रबीच कायम रहेको सीमा विवाद, राजसंस्था पुनर्स्थापनालगायतका विषयको निकास दुई तिहाइ संसद सदस्य संख्याको समर्थनमा सदनले दिनसक्ने व्यवस्था कायम रहेको छ ।

वर्तमान परिवेशमा विभिन्न ढङ्गले असन्तुष्ट रहेका शक्ति र समूहको समस्या समाधानको वैधानिक थलो संसद रहेकोले आफू अनुकूलका निर्णयहरू पारित गराउन सकिने दुई तिहाइ बहुमत सदस्यसहितको बलियो सरकार नेपालमा स्थापित गर्न खोज्ने शक्तिहरूको स्वार्थसँग नेपाली जनताको भावना पनि जोडिएको हुँदा यही सरकारको नेतृत्वमा चुनावमा जाने हो भने आगामी चुनावको परिणामले लोकतन्त्रकै घाँटी निमोठिन सक्ने प्रबल सम्भावनालाई नकार्न सकिँदैन ।

विगतका चुनावमा अधिकतर बुथ कब्जा गरी चुनावी परिणाम आफ्नो पोल्टामा पार्दै आएका दलहरूको इतिहास ताजै छ । ओलीको महत्वाकांक्षा सुन्दा लाग्छ उनले राज्यशक्ति नै प्रयोग गरी चुनावी परिणाम आफ्नो पोल्टामा पार्ने दाउ पर्खिरहेका छन् ।

उनीबाट हुनसक्ने षड्यन्त्रको पुष्टि उनका पछिल्ला अभिव्यक्तिबाट हुन्छ । दुई तिहाइ सांसद सदस्यसहित फेरि आफू सिंहदरबार प्रवेश गर्ने सार्वजनिक अभिव्यक्ति ओलीले दिँदै आएका छन् । पछिल्लो समय प्रयोगमा आइरहेको 'सेटिङ' शब्दावली लोकतान्त्रिक व्यवस्थामा कल्पना गर्न सकिँदैन तर दासतामा आफ्नो सुरक्षा देख्ने प्रवृत्तिका पात्रहरूलाई प्रिय बन्दै आएको यो शब्द आगामी चुनावमा प्रयोग भयो भने मुलुक दुर्घटनामा पर्ने निश्चित छ ।

भोलि हुनसक्ने सम्भावित घटनाक्रमहरू केलाउन खोज्दा हाइपोथेटिकल विश्लेषण भन्ने आरोप लाग्न सक्छ तथापि छिमेकीको नेपालप्रतिको बढ्दो चासो र सरकारको रवैयाले निर्वाचनमार्फत सत्ता कब्जा गरी आफ्नो मकसद पूरा गर्ने दिशामा निरंकुश प्रवृत्ति हावी हुँदै गएको यथार्थता नकार्न सकिँदैन ।

जति सक्यो चाँडो संवैधानिक सर्वोच्चताका पक्षधर शक्तिहरू मिलेर निःशर्त दलकै नेतृत्वमा राष्ट्रिय सहमतिको चुनावी सरकार गठन गरी जनतामाझ जानुको विकल्प अरू बाँकी देखिएन । लोकतन्त्र बचे मात्र दलहरू बच्ने हुन् ।

आफ्नो प्रभुत्व स्थापित गर्न खोजिरहेका शक्तिले यतिबेला प्रयोग गर्न सकिने उपयुक्त पात्र ओलीलाई रोज्न सक्ने प्रबल सम्भावना बढेको छ । व्यक्तिगत रूपमा ओलीको विरोधको आशय होइन ओली प्रवृत्ति मुलुकमा हावी भयो भने लोकतन्त्र मात्र होइन राष्ट्रियता समेत खतरामा पर्न सक्ने संकेतहरू देखापर्न थालेका छन् ।

विभिन्न बहानामा मुलुकलाई नै अनिर्णयको बन्दी बनाउनु भन्दा राष्ट्रिय सरोकारका विषयहरूको समाधानको बाटो निवारण गर्ने व्यवस्था संविधानमै प्रष्ट उल्लिखित छ । जनतासँग किन डराउने ? 'आत्मघाती गोल' उन्मुख राजनीतिबाट मुलुकलाई जोगाउने कि रमिते बनिरहने ? सबैलाई चेतना भया !

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १

## लागुऔषध सहित पाँच पक्राउ

बिराटनगर । जिल्ला मोरङ मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ७ स्थित मधुमल्ला बजारमा ईलाका प्रहरी कार्यालय मधुमल्लाबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा लागु औषधी सहित ५ जना पक्राउ परेको छ ।

पक्राउ पर्नेमा मोरङ मिक्लाजुङ्ग गाउँपालिका वडा नं. वडा नं. ७ बस्ने बर्ष २२ को लक्ष्मण भन्ने करण लिम्बु र वडा नं. ७ बस्ने बर्ष २७ को सन्चामान सुब्बाको साथ बाट प्रतिबन्धित औषधी टरमाडोल ४४ पत्ता, ४ सय ४० चक्की, एसपासपान २४ पत्ता (२४० चक्की) र नाईट्रोजन २ पत्ता (३० चक्की) सहित दुबै जनालाई नियन्त्रणमा लिई ईप्रका उर्लाबारी ल्याई लागू औषध कसूरमा थप अनुसन्धान कार्य भई प्रहरीले जनाएको थियो ।

त्यसैगरी जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा नं. ४ स्थित आईतबारे बजारमा ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा तीन जना पक्राउ परेको थियो ।

पक्राउ पर्नेमा जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा नं. ४ बस्ने बर्ष २७ को युबराज कटुवाल, वडा नं. ४ बस्ने बर्ष २२ को कमल दाहाल र वडा नं. ४ बस्ने बर्ष १९ को रन्जीत चौधरी रहेका छन् ।

उनीहरुको साथबाट प्रतिबन्धित औषधी टरमाडोल २० पत्ता (२ सय चक्की) स्पासपेन २० पत्ता (२ सय चक्की) सहित तिनै जना लाई नियन्त्रणमा लिई लागू औषध कसूरमा थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको थियो ।

## ट्रिपर दुर्घटनामा १ को मृत्यु

ताप्लेजुङ । ताप्लेजुङ पाथिभरा याङबरक गाउँ पालिका वडा ४ डुम्रिसे स्थित थुम्बेदिन डुम्रिसे सडक खण्डमा भएको ट्रिफर दुर्घटनाबाट १ जनाको मृत्यु र २ जना घाईते भएका छन् ।

सोमबार प्रदेश ३-०१-०५ ख ९२७१ नम्बरको बालुवा लोड भएको ट्रिफर बाटो मोड्ने क्रममा अनियन्त्रित भई सडकबाट अन्दाजी २०/२५ मिटर तल खसि दुर्घटना हुँदा ट्रिफर चालक सिन्धुली कमलमाई ४ बस्ने २४ बर्षीय याम कुमार बिक, सहचालक लमजुङ दोर्दि ६ किर्ती गाँउ बस्ने १८ बर्षीय कृष्ण बिक र ताप्लेजुङ पाथिभरा याङबरक २ थेचम्बु बस्ने २० बर्षीय मन्दिप लिम्बु घाईते भएका थिए ।

घाईते मध्ये कृष्ण बिकको उपचारको लागी जिल्ला अस्पताल ताप्लेजुङ ल्याउने क्रममा मृत्यु भएको थियो भने अन्य २ जना घाईतेको बी एण्ड सी अस्पताल बिर्तामोडमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ ।

## गाँजा सहित एक जना पक्राउ

उदयपुर । उदयपुर बेलका नगरपालिका वडा नं. ७ बस्ने २४ बर्षीय अनिस राईलाई लागूऔषध गाँजा सहित पक्राउ गरिएको छ ।

सोमवार बेलका नगरपालिका ८ स्थित कोठु चेकपोष्टमा बा ४ च १५१६ नम्बरको पिकअपलाई चेकजाँच गर्ने क्रममा सोही गाडीमा सवार रहेका राईलाई लागूऔषध गाँजा ६ केजी २५० ग्राम सहित पक्राउ गरिएको ईलाका प्रहरी कार्यालय रामपुरठोक्सिला उदयपुरले जनाएको थियो ।

छोरा छोरी दुवै बराबरी त्यसैले दुवैलाई विद्यालय पठाऔं ।

हार्दिक मंगलमय

शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पवन सारडा
उद्योगी /व्यवसायी

हार्दिक मंगलमय

शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजेश गुप्ता
नेता नेपाली कांग्रेस

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
आरके चिल्ड्रेन हस्पिटल परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नेपाल आयल निगम प्रदेश १ कार्यालय विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुनसरी मोरंग सिचाई योजना परिवार विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कर कार्यालय विराटनगर परिवार

# दास मनस्थितिबाट माथि उठौं

कौशल गोपालवंशी

अहिलेको समयमा मधेश र गुलामी एक अर्काको पर्यावाची शब्द हो । गुलामीको जन्जिरमा बाँधिएको मधेशलाई स्वतन्त्रताको अनुभूति गराउन गरिएको सबै प्रयासहरु खेर गएको देखिन्छ । स्वतन्त्रता सेनानीहरुको प्रयास किन बिफल भए त ? आखिर कारण के होला ?

एउटा उदाहरणसँग तुलना गर्दै यसको कारण पत्ता लगाउन सजिलो हुन्छ । एक सय जनाको परिवारलाई कुनै शासकले कैदी बनाएर जेलमा हालियो । समय बित्दै गयो, त्यहा कैदीहरुको पनि सन्तान जन्मियो । सन्तानलाई विगतको घटित घटनाको भनक पनि नलाग्न दिन शासकले उनीहरुको पूर्वजलाई हत्या गरिदियो । जस्तो कि शासकले प्राय: शासन गर्दै गरेको ठाउँको ईतिहास मिटाइदिन्छ । अब नयाँ सन्ततिलाई शुरुदेखि नै गुलामीको जन्जिरले बाँध्यो । उनीहरुको बरिपरि सबै जनाको हाथमा जन्जिर थियो । जसले गर्दा नयाँ सन्ततिहरुलाई जीवनमा स्वतन्त्रताको आभाष नै भएन । तर समय बित्दै जाँदा जन्जिरमा खिया लाग्न थाल्यो । शासकले खिया लगेको देखेर जन्जिर टुटन सक्ला भनेर सबैलाई सरसफाइ भई सफा बस्न भन्यो । यी कदमले ती कैदीहरुले आफ्नो हाथमा लागेको जन्जिर समेत सफा गरि जन्जिर टल्काउन थाले । जसको जन्जिर जति टल्किन्थ्यो त्यसलाई शासकले त्यति नै राम्रो व्यक्ति हो भन्ने गर्दथ्यो । जस्तो कि जसले जति शासकको चाकरी गर्छन् त्यति नै उसले स्यावश पाउँछन् । चाकरी नगर्नेलाई अटेरी गरेको, संस्कार नभेको व्यक्ति भन्छन् । जसको जन्जिरमा खिया लगेको त्यसलाई फोहरी, फटाहा, संकोचित मान्छेको संज्ञा दिने गर्दथ्यो ।

अब उनीहरुको विकास भनेको नै जन्जिरलाई टल्काउने भयो । उनीहरु पनि यसमै खुसी थिए । किनकि वरिपरिको सबै यस्तै थियो । पिढीमाथि पिढी आउँदै गर्यो । कसैले जिवनमा स्वतन्त्रताको अर्थ बुझेन, बुझे त केवल जन्जिर (चाकरी, गुलामीपन) लाई कसरी टल्काउने । जताततै चाकरीबाजको वातावरणमा हुर्केकालाई चाकरी नै धर्म हो, संस्कार हो लाग्न थाल्यो ।

अब यी पुस्तालाई कसरी स्वतन्त्रताको महत्व बुझाउने ? यो तरिकाले त यिनीहरु सधैं गुलाम हुने हो । तिमी गुलाम छौं भन्ने कुरा बुझाउनलाई उसले आफ्नो जीवनलाई अर्कासँग तुलना गर्नु एकदम आवश्यक छ । म कति अगाडि पछाडि छु भन्ने बुझ्नलाई म आफूलाई अरु भिन्न ठाउँमा बसेकोसँग तुलना नगरी त थाहा हुन्न नि । तर दैवको खेल यहा सबै गुलाम छन्, चाकरीबाज छन्, कोसँग तुलना गर्ने नि ? गुलामी हटाउनलाई अर्का ठाउँको मान्छेसित तुलना गराउनै छ । जस्तो कि मधेशमा भएको गुलामी हटाउन तराई बहेकका जनतासँगको तुलना जरुरी छ ।

एक गाउँ एक देशको हैसियत राखेको मधेशको जनतालाई अन्त्य जानु पर्ने आवश्यकता पर्दैन । जसले गर्दा अधिकांश जनताले आफ्नो जीवनलाई अरुसंग दाँज्न पाएको छैन । हो म मान्न तयार छु कि कृषिलाई धारासायी बनाएपछि मधेशका युवाहरु विदेशिन गए । त्यहाँ जस्तो विकसित देशमा गएसि त विकसित नागरिकसँग आफ्नो जीवन तुलना गर्न मैका त पाएका छन् । हो यतिसम्म त ठिक हो तर, मधेशको गुलामी मनस्थितिबाट विदेश गएका युवाले त्यहाँ पनि कम्पनीको जन्जिरमै कैद भएका छन् । महिनामा मात्र एक चोटि कम्पनीको आवास स्थानभन्दा बाहिर निस्किन्छन् । समय तालिका यति कडा हुन्छन् कि घरपरिवारलाई पनि सधै फोनमा कुरा गर्न भ्याउँदैनन् । गएर त्यहाँको व्यक्तिसँग नजिक हुन पनि समय हुँदैन । अनि जीवनको तुलना त परको कुरा हो ।

फेरि कोही भन्ला कि भारतको सीमा नजिकै छ, त्यहाँबाट तुलना गरी दास मनस्थिति परिवर्तन हुन्छ । हो तर एउटा कुरा के छ भने मधेशसँग जोडिएको भारतीय क्षेत्र मधेशभन्दा पनि पिछडिएको छ, अनि त्यहाँबाट के तुलना गर्न सकिन्छ । कोही-कोही जो पढाइको सिलसिलामा बहिर गयो त्यो यो दास मनस्थितिबाट माथी उठ्न खोज्दा उनीमाथी सबै किसिमको प्रहार गरेको देखियो । जसले गर्दा अरुले आँट्न नै सकेन । कसै कसैकोमा व्यक्तिगत परिवर्तन भयो । कसैले समाज परिवर्तन गर्न खोजेका पनि हुन् तर पूर्ण सफल भएनन् । कोही-कोही त परिवर्तन गर्छु भनेर आएकाहरु झन् कारागारको सिपाही बनेर आफ्नैमाथी शासन गर्न थालेका पनि छन् ।

दु:खद कुरा के छ भने यहाँ यस्ता कारागारको सिपाही बनेर आफ्नै माथि शासन गर्नेहरुको जमात ठूलो छ । यिनीहरु कुनै कांग्रेस, कुनै राप्रपा, कुनै समाजबदी, कुनै एमाले, कुनै जनमत त कुनै कोही त कोही जस्ता ब्राण्ड भएका कम्पनीको कारागारको सिपाही भएर मधेशी जनतालाई लगातार गुलामीको जन्जिरमा बस्न बाध्य तुल्याएका छन् । त्यहीं भएर अब मधेशी जनताले जन्जिर (चाकरी) लाई टलकाउने होइन तोडनु पर्छ ।

के किसान कृषिको जन्जिरमा बाँधिएका छन् त ?

जन्जिरले मान्छेलाई मार्दैन, जन्जिरले मान्छेलाई जिउँदो लास बनाउँछ । न त जिउन दिन्छ न त मर्न दिन्छ । केवल तडपाएर बाँच्न दिन्छ । हुन त किसान सबै अन्नदाता हुन् । तर नेपालमा यो लागू हुन्न । मैले आफ्नो खेतको हिसाब गर्दा औसत प्रति बिघा ८० मन धान (३२ क्विन्टल) उत्पादन हुन्छ भने खर्च चाहिँ ३० क्विन्टल जतिको लाग्छ । यहाँबाट यो साफ छ कि अहिलेको कृषिले किसानलाई न त जिउन दिन्छ न त मर्न दिन्छ । न त भोकै मर्छ न त हातमा नगद नै हुन्छ । न त बिना कपडाको हुन्छ न त राम्रो कपडा लगाउन सक्छ । न त सन्तानलाई मुर्ख बनाउँछन् न त राम्रो शिक्षा नै दिन सक्छ ।

यी सबै कुराले गर्दा यो भन्न सकिन्छ कि आधुनिकता बिनाको कृषि जीवन बरदान होइन अभिसाप हो । कृषिले किसानलाई जन्जिरमा बाँधेका छन्, जसले किसानको आउने सन्तति सधै व्यापारीको गुलाम बनेर बस्ने छन् । नेपालमा ८०% भन्दा बढी कृषि र वैदेशिक रोजगारीमा निर्भरता भएको देशको ५५.५८% वार्षिक बजेट गृह र रक्षा मन्त्रालयमा हुन्छ भने १०% भन्दा कम बजेट चाहिँ कृषिको लागि छुट्टाएको हुन्छ ।
(मधेश दर्पण फिचर सेवा)

लैगिक हिंसा अन्त्य: समृद्ध नेपालको गन्तव्य ।

# फलामको खन्तीले हानी हत्या

सुनसरी । ईटहरी उपमहानगर पालिका वडा नं. २ बस्ने ५५ बर्षीय जिबन रेग्मीले सोही स्थानका ५० बर्षीय केशब कार्कीलाई फलामको खन्तीले भुडीमा हानी हत्या गरेको छ ।

सोमवार रेग्मीले पहिलाको बिबादलाई लिएर कार्कीलाई फलामको खन्तीले भुडीमा हानी गम्भिर घाईते बनाई फरार भएका थिए । घाईते कार्कीको घोपा धरानमा उपचारको क्रममा दिउसो साढे २ बजे मृत्यु भएको थियो ।

फरार रहेका रेग्मीलाई नियन्त्रणमा लिईसकेको ईलाका प्रहरी कार्यालय ईटहरी सुनसरीले जनाएको छ ।

# मानिस तथा सवारी साधन नियन्त्रणमा

बिराटनगर । जिल्ला प्रहरी कार्यालय मोरङ तथा मातहत विभिन्न प्रहरी कार्यालयहरूले गरेको ट्राफिक समेतको चेकजाँचको क्रममा ३७ जनालाई नियन्त्रणमा लिएको थियो ।

सोही क्रममा ३ सय ७८ वडा सावारी साधन समेतलाई नियन्त्रणमा लिईएको थियो । उनीहरुले सवारी नियम उलंघन गरी सवारी चलाउने, झैझगडा गर्नेको अवस्थामा नियन्त्रणमा लिई आवश्यक कारवाही गरिएको थियो ।

विराटनगर महानगरपालिका भित्र २ सय १६ वटा सवारी साधन र ३७ जना मानिस पक्राउ परेका छन भने अन्य ईकाईबाट १ सय ६२ वटा सवारी साधन पक्राउ परेको थियो । नियन्त्रणमा लिईएका सवारी साधन तथा व्यक्तिहरू उपर आवश्यक कारवाही गरिएको थियो ।

# हात्तीको आक्रमणवाट १ को मृत्यु

मोरङ, चैत्र १७ गते । मोरङ मिक्लाजुङ गाउँपालिका वडा नं. ६ थामीझोडा बस्ने ५० बर्षीय याम बहादुर बोहोराको जंगली हात्तीको आक्रमणमा परी मृत्यु भएको छ ।

हिजो राती १० बजे छिमेकीको घरबाट टेलिभिजन हेरी घर फर्केन क्रममा जंगलबाट आएका ३ वटा जंगली हात्तीले किल्ची गम्भिर घाईते भएका बोहोराको उपचारको लागी लैजादै गर्दा रातको ११ बजे बाटैमा मृत्यु भएको ईलाका प्रहरी कार्यालय उर्लाबारीले जनाएको छ ।

# रूखले किची एक जनाको मृत्यु

ताप्लेजुङ । ताप्लेजुङ मिक्वाखोला वडा नं. १, सिम्ले बस्ने २८ बर्षीय मन कुमार तामाङको रुखले किची मृत्यु भएको छ ।

सोमवार सोही स्थानमा रहेको कात्तिके सामुदायिक जंगलमा दाउरा काट्न चिलाउनेको रूख काटी ढाल्ने क्रममा उक्त रूखको हाँगा अड्की हागा काट्ने क्रममा उक्त रूख ढलि किचि घाईते भएका तामाङको जिल्ला अस्पताल ताप्लेजुङमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ ।

## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।
२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।
३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०




कर तिरौ, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो । त्यसैलेकर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस् । लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर । कर्तव्य ठानेर कर तिरौ नव नेपाल निर्मामामा सभागी बनौ । सामान किनौ गतिलो छानेर बिल मागौ

नेपाल सरकार